श्री
उच्च अदालत जनकपुर
संयुक्त इजलास
इजलास नं.-१
माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल
माननीय न्यायाधीश श्री नर बहादुर खड्का
आदेश
निर्णय नं.-११८०
निवेदन नं.-०७९-WO-०४२४
रजिष्ट्रेशन नः०६-०७९-०१३३६
विषय : निषेधाज्ञा।

जिल्ला धनुषा ढल्केवर गा.वि.स. वडा नं.३ हाल मिथिला नगरपालिका वडा नं.६ मा बस्ने श्रीनारायण साह सुंडीको छोरा देवनारायण साह सुडी ....................................१ } निवेदक
ऐ.ऐ. मा बस्ने देवनारायण साह सुडीको श्रीमतिकोमल कुमारी देवी..............................१

विरुद्ध

मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ढल्केवर, धनुषा मधेश प्रदेश.............१
ऐ. नगरपालिका नगर कार्यपालिकाको नगर प्रमुख महेन्द्र महतो......................................१
ऐ. नगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत......................................१
एस.एम. बिल्डर्स जनकपुरधाम उपमहानगरपालिका वडा नं. २५ धनुषा...............................१ } विपक्षी
ऐ. एस.एम. बिल्डर्सकाप्रोपराईटर सरोज कुमार मण्डल ...............................................१
स[illegible] डिभिजन कार्यालय धनुषा मुजेलिया...........................................................१
ऐ. सडक डिभिजन कार्यालय धनुषाका प्रमुख .................................................१

मुलुकी देवानी संहिता,२०७४ को दफा २६(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारअन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर आदेश र तपसिल खण्ड यस प्रकार छः

तथ्य खण्ड

१. हामी निवेदकहरुको संयुक्त नाउँमाजिल्ला धनुषा ढल्केवर गा.वि.स. वडा नं. ५(क) कि.नं.६३३ र ६८१ को जग्गा दर्ता एवं हकभोगमारहेको तथ्यमा विवाद छैन। उक्त जग्गामा मिथिला नगरपालिबाट मिति २०७५/०४/३१ मा नक्शा पास गरी घर निर्माण गरेको र उक्त ५ तले



उच्च अदालत जनकपुरबाट ... को नकल
यसमा यो सक्कल पाना ... को नकल सरोकारवाला ... ले अड्डै आफ्नो तर्फबाट माग सेवा प्रति पाना रु. ... का दरले पाना ... का रु. ... लिइ स्याहा गरी नकल दिइएको छ।
फाँटवाला शाखा अधिकृत

CamScanner

घरमा हाल कोमल होटल प्रा.लि. सञ्चालनमा रहेको छ। हाम्रो जग्गाकोउत्तरतर्फ रहेको पूर्व पश्चिम महेन्द्र राजमार्गको रहेको र सोतर्फ हामी ४१ फिट जग्गा छोडी घर निर्माण गरेको अवस्था छ। विपक्षीहरुले हाम्रो उक्त जग्गामा पर्ने पर्नेगरी जग्गाको उत्तरतर्फ रहेको पूर्व पश्चिमको महेन्द्र राजमार्गमा सार्वजनिक नाला निर्माण गर्न लागेकोले नक्सामा रहेको सडक सिमा मध्ये बिच भागबाट सडक सिमाको भाग ८२ फिट भित्र पर्नेगरी मात्र सार्वजनिक नाला निर्माणको कार्य गरी हाम्रो कि.नं.६३३ र ६८१ को जग्गामा पर्नेगरी नाला निर्माणको कार्य नगर्नु, नगराउनुभनि विपक्षीहरुको नाउँमा अन्तरिम आदेशसहित निषेधाज्ञाको स्थायी आदेश जारी गरी पाउँ भन्नेसमेत वेहोराको निवेदनपत्र।

२. यसमा के, कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ?आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत खुलाई बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं.६ र ७ ले उच्च सरकारी वकील कार्यालय जनकपुरमार्फत र अन्य विपक्षीहरुले आफै वा कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनि यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नु। अन्तरिमआदेशमागगरेकोतर्फविचारगर्दा, निवेदनपत्रमा उल्लेखित जिल्ला धनुषा ढल्केवर गा. वि. स. वडा नं. ५ (क) कि.नं. ६३३ को क्षेत्रफल ०-०-१५ र ऐ ढल्केवर गा. वि. स. वडा नं ५(क) ६८१ को क्षेत्रफल ०-०-४-५को जग्गा निवेदनसाथ पेस भएको सो जग्गाको दर्ता श्रेस्ता प्रमाणपत्रको प्रतिलिपिबाट निवेदकको नाउँमा दर्ता रहेको देखिँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि निवेदकको सहमति मंजुरी वेगर उक्त जग्गामा पर्ने गरी नाला निर्माणको कार्य कुनै पनि तवरले नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ (२) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिनु भनि यस अदालतबाट मिति २०७९।११।०४ मा भएको आदेश।

३. निवेदकहरुको घर अगाडी पूर्वपश्चिम महेन्द्र राजमार्गको छेउ किनारमा बन्दैगरेको भनिएको पानी निकास तथा नाला निर्माण कार्यको लागि सडक डिभिजन कार्यालय मुजेलिया धनुषाबाट टेन्डर आव्हान भै एस. एम. बिल्डर्स जनकपुरधामवाट निर्माणको कार्य भैरहेको हो। पानी निकासकोलागि बनिरहेको नाला निर्माणकार्यसँग यस नगरपालिका तथा नगर प्रमुख के कसरि संलग्न भएको भन्ने निवेदनमा केहि उल्लेखभएको छैन। राष्ट्रिय राजमार्गहरुको व्यवस्थापन निर्माण, मर्मत तथा राजमार्गको सौन्दर्यता तथा सुरक्षाको विविध कार्यहरु सडक विभाग अन्तर्गतका विभिन्न कार्यालयहरुवाट भईरहेका छन्। राष्ट्रिय राजमार्गसँग सम्बन्धित उपरोक्त बमोजिमका कार्यहरु सम्वन्धित क्षेत्रकोकानूनी प्रावधान तथा सरकारीस्विकृत मापदण्डबमोजिम हुने हो। उक्त निर्माण कार्यको सम्वन्धमा नगरपालिकाबाट कुनै पनि प्रकारको निर्णय वा निर्माण कार्यमा संलग्नता भएको छैन भन्नेसमेत व्यहोराको विपक्षी मिथिला नगरपालिका नगरकार्यपालिकाको कार्यालयको लिखित जवाफ।

४. यसमा मिथिला नगरपालिका वडा नं.६ स्थित सार्वाजनिक नाला निर्माण सम्वन्धी निवेदकको नाममा दर्ता श्रेस्ता कायम भएको कि.नं. ६३३ र ६८१ जग्गामा पर्छ पर्दैन। उक्त तथ्य खुल्ने



CamScanner

निर्माणसँगसम्बन्धित कागजातहरु विपक्षी सडक डिभिजन कार्यालय, धनुषा मुजेलियाबाट झिकाई नियमानुसार पेस गर्नुहोला भनि यस अदालतबाट मिति २०८०।०६।२३ मा भएको आदेश।

५. अन्य विपक्षीहरूको नाममा यस अदालतबाट जारी भएको म्याद तामेल भई प्रस्तुत निवेदन दायर भएको जानकारी पाएको भएतापनि म्यादभित्र लिखित जवाफ पेस नगरी बसको ।

## यस अदालतको ठहर

६. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको निवेदन सहितको मिसिल कागजात अध्ययन गरी निवेदकतर्फको विद्वान अधिवक्ता दिपेन्द्र कुमार साहले निवेदकहरुको नाउँमा दर्ता कायम रहेको कि.नं.६८१ र ६३३ जग्गाको उत्तरतर्फ रहेको पूर्वपश्चिम महेन्द्र लोकमार्गलाई निवेदकहरुको जग्गातर्फ ९ फिट च्यापी नाला निर्माण गर्न लागेको अवस्था छ। सडकको केन्द्र विन्दुबाट दुवैतर्फ वरावर जग्गामा नाला निर्माण गरेमा निवेदकको सहमति रहेको छ। तर निवेदकको जग्गाबाट मात्र पर्ने गरी नाला निर्माण गर्न मिल्ने होइन। यसर्थ निवेदकहरुको जग्गामा मात्र च्यापी एकतर्फी रुपमा निर्माण कार्य नगर्न नगराउन निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी हुनु पर्छ भनी र विपक्षी नगरपलिकाको तर्फवाट उपस्थित विद्वान अधिववक्ता श्री वलराम सुवेदीले राज मार्गको छेउ किनारमा नाली निर्माण गर्ने कार्य सडक डभिजन कार्यालय मुजेलियाले गरेको हो, निवेदकको हकाधिकार आघात पार्ने कार्य नगरपालिकाको नगरेको हुँदा निवेदन खारेझ गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस जिकिर सुनियो।

७. प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी उपस्थित विद्वान कानुन ब्यबसायीको बहससमेत सुनि निवेदन माग दावीबमोजिम निषेधाज्ञाको जारी हुनु पर्ने हो वा होइन? भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने हुन आयो।

८. निर्णयतर्फ हेर्दा, हामी निवेदकहरुको संयुक्त नाउँ दर्ता एवं हकभोगमा रहेको कि.नं.६३३ र ६८१ को जग्गामा पर्ने गरी जग्गाको उत्तरतर्फ रहेको पूर्व पश्चिमको महेन्द्र राजमार्गमा सार्वजनिक नाला निर्माण गर्न लागेकोले नक्सामा रहेको सडक सिमा मध्ये बिच भागबाट सडक सिमाको भित्र पर्ने गरी मात्र नाला निर्माणको कार्य गरी हाम्रो जग्गामा मात्र पर्ने गरी नाला निर्माणको कार्य नगर्नु नगराउनु भनि विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेको देखिन्छ। निवेदकहरुको घर अगाडी पानी निकास तथा नाला निर्माण कार्यको लागि सडक डिभिजन कार्यालय मुजेलिया धनुषाबाट टेन्डर आव्हान भै एस. एम. बिल्डस जनकपुरधामवाट निर्माणको कार्य भैरहेको हो। उक्त निर्माण कार्यको सम्बन्धमा नगरपालिकाबाट कुनै पनि प्रकारको निर्णय वा निर्माण कार्यमा संलग्नता भएको छैन भन्ने विपक्षी मिथिला नगरपालिका नगरकार्यपालिकाको कार्यालयको लिखित जवाफ रहेको पाईन्छ। अन्य विपक्षीहरुको नाउँमा म्याद सूचना जारी भई म्याद गुजारी लिखित जवाफसमेत फिराएको देखिएन।

९. निवेदन दावीको कि.नं. ६८१ र ६३३ को जग्गाहरु निवेदकहरुको संयुक्त नाउँमा दर्ता कायम रही निजहरु कै हकभोगमा रहेको भन्ने निवेदन साथ पेश भएको जग्गाधनी प्रमाणपुर्जाको छाँयाप्रतिवाट देखिन्छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्तिको आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य

कारोबार गर्ने हक प्रदान गरेको[1] तथा कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्ने समेतको अधिकार मुलुकी देवानी संहिताले प्रदान गरेको देखियो।[2] उक्त अधिकारको सबैले सम्मान र संरक्षण हुनुपर्ने देखियो। राज्य नागरिकको संरक्षक भएको हुँदा यसले सबै नागरिकहरूको अभिभावकत्व लिन सक्नु पर्दछ। राज्यका क्रियाकलापहरू सबै नागरिकका लागि समन्यायिक(equitable) समेत हुनु पर्ने हुन्छ। कानूनी शासनमा राज्यका अरेक निकायले आफ्नो कर्तव्य पालन गर्दा कानूनको सीमाभित्र रहनुपर्ने हुन्छ। संविधान तथा कानूनमा हरेक व्यक्तिको जीवन, स्वतन्त्रता, र सम्पत्तिलाई पवित्र र अहरणीय अधिकारको रुपमा मान्यता प्रदान गरिएको हुन्छ। व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारको उसको जीवनको अधिकारसँग अन्योन्याश्रित रुपमा जोडिएको अधिकारको रुपमा रहने हुँदा राज्य/यसका अन्तर्गतका निकायहरूले कानूनबमोजिम बाहेक व्यक्तिको सम्पत्तिमा कुनै किसिमको अतिक्रमण गर्नु कानून अनुकूल मान्न मिल्ने देखिँदैन ।

१०. निवेदकहरुको निर्विवाद हक भोग र स्वामित्वमा रहेको जग्गामा निवेदकहरूको सहमति र मञ्जूरी वेगर हस्तक्षेप गर्ने, विना कुनै क्षतिपूर्ति/ मुआव्जा सरकारी संरचना निर्माण गर्ने, निवेदकलाई आफ्नो सम्पत्ति उपभोगमा गर्नमा वाधा अवरोध श्रृजना गर्ने तथा निवेदकहरुको जग्गामासमेत पर्ने गरी नाला निकाश लागयतका कुनै पनि स्थायी संरचना निर्माण गर्ने लगायतका काम कारबाही गर्ने अधिकार विपक्षीहरूलाई रहे भएको देखिएन। राज्यले सम्भव भएसम्म व्यक्तिको निजी सम्पत्ति, आवास र जग्गामा असर नपुऱ्याउने गरी कुनै पनि संरचना विस्तारसमेतको कार्य गर्नुपर्ने र सो संभव नभएको अवस्थामा कानूनले तोकेको उचित प्रक्रिया पूरा गरी उचित र मनासिव क्षतिपूर्ति दिएर मात्र यस्तो कार्य गर्नुपर्ने कानूनी दायित्व र जिम्मेवारी रहे/भएको देखिन्छ। तथापि प्रस्तुत मुद्दामा निवेदकहरुले सार्वजनिक नाला निर्माणको लागि वाटोको केन्द्रविन्दुबाट दुबैतर्फ बराबर जग्गा लिएमा निवेदकहरुको सहमति रहेको भन्ने निवेदन लेखबाट देखियो। यसर्थ निवेदकको मञ्जूरीमा वाटोको मध्यविन्दुबाट दुवैतर्फको बराबर जग्गा लिई नाला निर्माण लगायतका कार्य गर्नेदेखि बाहेक निवेदकको सहमति विना निवेदकको जग्गामा मात्र पर्ने गरी एकतर्फी रूपमा नाला निर्माणको कार्य गर्नु किमार्थ न्यायोचित नहुने हुँदा निवेदकको माग बमोजिम विपक्षीहरुको नाममा निषेधाज्ञा जारी गर्नुपर्ने अवस्था देखियो ।

११. तसर्थ, माथि विवेचित आधार कारण समेतबाट दावीकोकि.नं.६३३ र ६८१ को जग्गा निवेदकको नाउँको दर्ता देखिएको, सर्वे नक्साको मध्य विन्दुबाट दुबैतर्फ बराबर पर्ने गरी बाटो र नाला निर्माण गर्न निवेदकको सहमती देखिँदा निवेदकको उक्त जग्गामा मात्र पर्ने गरी एकतर्फी रुपमा वाटो र नाला निर्माणको कार्य नगर्नु नगराउनु भनि विपक्षीहरुका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

- माथि ठहर आदेश खण्डमा लेखिएबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहरी आदेश भएकोले सोको जानकारी विपक्षीहरूलाई दिनू..........................................................................१

[1] नेपालको संविधानको धारा २५ (१)

[2] मुलुकी देवानी संहिता, २०७४ को दफा २० (२) (छ)

- सरोकारवालाले आदेशको नक्कल माग्ने आए नियमानुसार गरी नक्कल उपलब्ध गराई दिनु............................................................................................२
- प्रस्तुत आदेशको विद्युतीय प्रति अपलोड गरी प्रमाणिकरण भएको विवरण सूचना पाटीमा टाँस गरी निस्सा जनाई राख्नु...............................................................................३
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.........................४

(नर वहादुर खड्का)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(श्रीकान्त पौडेल)
मुख्य न्यायाधीश

आदेश लेखनमा सहयोग गर्नेः-
इजलासअधिकृतः- सुनिल कुमार चौहान
टाईप गर्नेः- चाँदनी शर्मा
इति सम्वत् २०८१ साल असार १८ गते रोज ३ शुभम्...........................................................।
आदेश प्रमाणीकरण मिति:-२०८१।०४।  मुख्य न्यायाधीश  अदालतको छाप